कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत ।

**घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता प्राप्तिको लागि निवेदन दिने सम्बन्धी सूचना!**

कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०७/०७ को निर्णयानुसार जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा घाइते अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तह मार्फत जीवन निर्वाह भत्ता प्रदान गर्न "घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७८ स्वीकृत भएकोले उक्त कार्यविधिमा उल्लेखित ढाँचा र संलग्न राख्नुपर्ने कागजात सहित सम्बन्धित स्थानीय तहमा मिति २०७८ पौष १५ गते भित्र जीवन निर्वाह भत्ता प्राप्तिको लागि निवेदन दिनु हुन र यस सम्बन्धी विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेभसाइट moial.karnali.gov.np तथा सम्बन्धित स्थानीय तहमा सम्पर्क गर्नु हुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**जीवन निर्वाह भत्ता प्राप्ति लागि दिने निवेदनको ढाँचा**

मितिः २०७८/.... /...

श्री ............................................

........................................

**विषयः जीवन निर्वाह भत्ता उपलब्ध गराई पाउँ ।**

कर्णाली प्रदेश सरकारले जारी गरेको **"घाइते अपाङ्गता व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७८"** बमोजिम भत्ता उपलब्ध गराईदिनुहुन देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

**संलग्न कागजात :**

(क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ख) प्रचलित कानून बमोजिम 'क' वा 'ख' वर्गको घाइते अपाङ्गता परिचयपत्रको प्रमाणित प्रतिलिपी,

(ग) घाइते अपाङ्गता भएको व्यक्तिको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपी,

हस्ताक्षर :

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.